# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं
(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ५६४

मितिः २०८३।०६।२३ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## सार्वजनिक बसमा सवार यात्रुको साथवाट लागु औषध खैरो हेरोईन ३२.७३० ग्राम बरामद

मिति २०८३।०६।२३ गते लागु औषध नियन्त्रण ब्युरो शाखा कार्यालय थानकोट र प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको संयुक्त प्रहरी टोलीले उपत्यकामा प्रवेश गर्ने सार्वजनिक सवारी साधन तथा शंकास्पद यात्रुहरुको चेकजाँच गर्ने क्रममा जिल्ला काठमाडौं चन्द्रागिरी न.पा. वडा नं.२ स्थित सुरुङमार्गवाट जनकपुर देखि काठमाडौं आउदै गरेको यात्रु बाहक बसमा सवार निम्न नामथर, ठेगाना भएका ३ जना भारतिय नागरिकहरुलाई लागु औषध खैरो हेरोईन ३२.७३० ग्राम सहित पक्राउ गरि थप अनुसन्धानको सिलसिलामा बरामद लागु औषध खैरो हेरोईन खरिद गरी लिने २ जना ब्यक्तिहरुलाई समेत का.जि.का.म.न.पा. वडा न. २२ सुन्धरा स्थित एक होटलवाट ट्रामाडोल १,११० क्याप्सुल सहित पक्राउ गरी पक्राउ प्रतिवादीहरु उपर आवश्यक अनुसन्धान कारवाहीको लागी प्रहरी वृत्त थानकोट बुझाईएको।

**निम्नः-**

### ❖ पक्राउ प्रतिवादीहरुको विवरणः

१. भारत बिहार प्रदेश जिल्ला समस्तीपुर वडा न. २५ ठेगाना भएका वर्ष १९ को पुष्पम प्रकाश
२. ऐ.ऐ. ठेगाना भएका वर्ष २५ को महेश कुमार
३. ऐ.ऐ. ठेगाना भएका वर्ष १९ को सोनु कुमार
४. जिल्ला धादिङ गल्छी गा.पा. वडा न. ६ ठेगाना भएकी वर्ष २३ की कृष्टी खड्की
५. ऐ.ऐ. ठेगान भएका वर्ष २५ को रामकृष्ण खड्की

### ❖ बरामद दशी (सामान) को विवरण :

**१. लागु औषध खैरो हेरोईन ३२.७३० ग्राम**
२. ट्रामाडोल १,११०
३. मोबाईल थान ८
४. नगद रू. ७५,२२० (पचहत्तर हजार दुई सय बीस)

**सह-प्रवक्ता**
**(जिवन निरौला)**
**प्रहरी नायव उपरीक्षक**